महाबु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गैडाबाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या :- २०७९/२०८० (प्रशासन शाखा)
चलानी नं. :-

मिति:२०८०/०१/१२

**विषयः खानेपानी मुहान दर्ता सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा **जलस्रोत ऐन २०४९** को **दफा ५** तथा महाबु गाउँपालिकाको **खानेपानी तथा सरसफाइ उपभोक्ता व्यवस्थापन कार्यविधि २०७९** बमोजिम यस महाबु गाउँपालिकाका ६ वटै वडाहरुमा सञ्चालन भएका खानेपानी तथा सरसफाइ योजना तथा आगामी **आ.व. २०८०/०८१** देखि विभिन्न संघसंस्था र यस पालिकाबाट सञ्चालन हुने खानेपानी योजनाहरुको मुहान दर्ताका लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क राखी आवश्यक कागजात सहित यस कार्यालयमा रहेको खानेपानी तथा सरसफाइ इकाईमा निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै आगामी दिनहरुमा मुहान दर्ता भएका खानेपानी योजनारुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**आवश्यक कागजातहरु:**

१. सम्बन्धित उपभोक्ताहरुको उपस्थितीमा उपभोक्ता गठन गरेको माईन्यूटको प्रतिलिपी ।
२. उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
३. सम्बन्धित वडा कार्यालयबाट मुहान दर्ताका लागि २१ र ७ दिने सूचना टाँस गरेको प्रतिलिपी ।
४. २१ दिने र ७ दिने सूचना प्रकाशनमा कसैको हकदावी नआएमा छुट्टाछुट्टै सरोकारवाला र जनप्रतिनिधिको रोहवरमा गरेको मुचुल्काको प्रतिलिपी ।
५. २९ औ दिनपछि मुहान दर्ताका लागि कसैको हकदावि नभएको महाबु गाउँपालिकालाई सिफारिस ।
६. उक्त योजना सञ्चालन गर्दा कुनै असर गर्दैन भनि सम्बन्धित वन तथा कृषि सेवा कार्यालयको सिफारिस ।
७. मुहान दर्ताका लागि तोकिएको दस्तुर तिरेको भौचर ।
८. जलस्रोत ऐन २०४९ को दफा ५ तथा महाबु गाउँपालिका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७९ को अनुसूचि १ दफा ५ को उपदफा १ बमोजिमको ढाचामा निवेदन ।
९. तलमाथि सम्पूर्ण उ.स. पदाधिकारीहरुले सहिछाप गरेको विधान २ प्रति । थप जानकारीको लागि यस कार्यालयमा रहेको खानेपानी तथा सरसफाई इकाईमा सम्पर्क गर्नुहोला ।

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

**सम्पर्कका लागि**
दिपक कुमार विष्ट
खा.पा.स.टे
९८५८०६५५८०
Email: dipak.devkiran@gmail.com